# MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

**AGANISAIR KRISHANASAWARAN-6, MAHULI, SAPTARI**

## 10th ANNUAL GENERAL MEETING

**2080-01-09**

# MEETING MINUTE BOOK




**PREPARED BY:**

**MAHULI LAGHIBITTA BITTIYA SANSTHA LIMITED**
**AGANISAIR KRISHNASAWARAN-6, MAHULI, SAPTARI**
**HEAD OFFICE MAHULI, SAPTARI**

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
अग्नीसाइर कृष्णासवरण- ६, महुली सप्तरी
१० औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण तथा निर्णय

१. वैधानिक सभा :
यस महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको संचालक समितिको मिति २०७९/१२/१४ गते सोमवार बसेको १३५ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम यस वित्तीय संस्थाको नियमित तर्फ १० औं र साविकको नव किरण लघुवित्त वित्तीय संस्था लिमिटेड संग गाभ्ने/गाभिने (मर्जर) पश्चातको तेश्रो वार्षिक साधारण सभा संस्थाका अध्यक्ष श्री प्रभु नारायण चौधरी ज्यूको सभापतित्वमा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल एवं निर्णय भई देहाय बमोजिम नियमित तर्फ १० औं र साविकको नव किरण लघुवित्त वित्तीय संस्था लिमिटेड संग गाभ्ने/गाभिने (मर्जर) पश्चातको तेश्रो वार्षिक साधारण सभा सम्पन्न भयो ।

२. सभा भएको स्थान, मिति र समय :
२.१ स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, अग्नीसाइर कृष्णासवरण - ६ महुली, सप्तरी
२.२ मिति : २०८०/०१/०९ गते शनिबार (तद्नुसार २२ अप्रिल २०२३)
२.३ समय : विहान ११.०० बजे

३. सभाको सूचना सम्बन्धी जानकारी :
कम्पनी ऐन, २०६३ को दफा ६७ को प्रावधान अनुसार वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने बिषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिकालागि शेयरधनिहरुलाई सूचना पठाउनुको साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०७९ चैत्र १६ गते र दोस्रो पटक मिति २०७९ चैत्र २२ गतेको क्रमशः नागरिक राष्ट्रिय पत्रिकामा प्रकाशन गरी सो सुचना तथा आ.ब. २०७८/०७९ को वार्षिक प्रतिवेदन, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारमहरु कम्पनीका शेयरधनी महानुभावहरुलाई जानकारीको लागि वित्तीय संस्थाको वेवसाईट www.mslbsl.com.np मा राखिएको थियो । साथै मिति २०७९/१२/२८ गते सम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा अभिलेखमा रहेको शेयरधनीहरुको मोवाईलमा फोन तथा SMS, ईमेल ठेगानामा पनि संचालक समितिको प्रतिवेदन सहित वार्षिक साधारणसभाको सूचना पठाईएको जानकारी कम्पनी सचिव श्री सरोज कुमार सिंहले दिनु भयो ।

४. सभाको विषय सूची :
वार्षिक साधारणसभाको छलफलको विषयहरु :
(क) साधारण प्रस्तावहरू :
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८/०७९ अषाढ मसान्तसम्मको वासलात, २०७८ श्रावण १ गते देखी २०७९ अषाढ मसान्त सम्मको नाफा-नोक्सान

हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/०८० को लागी लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनको लागि २०७९ अषाढ मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. २८,२१,६९,४४०।- को ०.७५ प्रतिशतले हुने रु. २१,१६,२७०।८० (एक्काईस लाख सोह्र हजार दुई सय सतरी रुपैया अस्सी पैसा मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

ख) विशेष प्रस्तावहरु

१. २०७९ अषाढ मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. २८,२१,६९,४४०।- को १४.२५ प्रतिशतले हुन आउँने रकम बराबरको रु. ४,०२,०९,१४५।२० (अक्षरेपी चर करोड दुई लाख नौं हजार एक सय पैतालिस रुपैया विस पैसा मात्र) बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने तथा बोनश शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गरि प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२. प्रिमियममा एफ.पि.ओ. शेयर निष्काशन गर्ने सम्बन्धमा ।

३. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्झदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विबरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने ।

(ग) विविध ।

५. सभाको सञ्चालन :

सभाको सञ्चालन संस्थाका नायव प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री सरोज कुमार सिंहले गर्नु भएको थियो ।

६. उपस्थिति :

६.१ संचालकहरुको उपस्थिति :

दशौं वार्षिक साधारण सभामा सञ्चालकहरुको उपस्थिति निम्नानुसारको रहेको थियो ।

| क्र.सं. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व | ग्राहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री प्रभु नारायण चौधरी | अध्यक्ष | संस्थापक समूह | ४१५९५ |
| २ | श्री कमल प्रसाद बस्याल | सञ्चालक | संस्थापक समूह | ८३३११ |
| ३ | श्री भानुभक्त निरौला | सञ्चालक | संस्थापक समूह | २७८०७ |
| ४ | श्री निमानन्द कडेल | सञ्चालक | सर्वसाधारण समूह | २२६ |
| ५ | श्री श्रीप्रसाद चौधरी | सञ्चालक | संस्थापक समूह | ९२५३ |
| ६ | श्री सन्तोष कुमार लुईटेल | स्वतन्त्र सञ्चालक | | ० |

६.२ अन्य आमन्त्रीत महानुभव तथा पर्यवेक्षकहरुको उपस्थिति :

१) विजेन्द्र न्हुछें प्रधान प्रतिनिधी सनराईज क्यापिटल लिमिटेड

६.३ पदाधिकारी तथा कर्मचारीहरुको उपस्थिती :

क) श्री गंगाधर पाण्डे - प्रमुख कार्यकारी अधिकृत

ख) श्री सरोज कुमार सिंह - नायव कार्यकारी अधिकृत/कम्पनी सचिव

ग) श्री ललित प्रसाद चौधरी- प्रवन्धक (कर्जा तथा व्यवसाय प्रवर्द्धन विभाग प्रमुख)

घ) श्री रमेश चौधरी - प्रवन्धक (सामान्य प्रशासन तथा मानव संसाधन विभाग प्रमुख)

ङ) श्री हरि प्रसाद कोईराला - प्रवन्धक (आन्तरिक लेखापरीक्षण विभाग प्रमुख)

च) श्री रुसियन चौधरी - सहायक प्रवन्धक (तालिम तथा सामाजिक विकास विभाग प्रमुख)

छ) श्री दिपेन्द्र खतिवडा - सहायक प्रवन्धक (अनुगमन, निरिक्षण तथा योजना विभाग प्रमुख)

ज) श्री अनुप श्रेष्ठ - सहायक प्रवन्धक (सूचना प्रविधी विभाग प्रमुख)

झ) श्री विजय यादव - सहायक प्रवन्धक (असुली तथा जोखिम व्यबस्थापन)

लगायत अन्य अधिकृत तथा सहायक स्तरका कर्मचारीहरु समेत गरि कुल २१ जनाको उपस्थिती रहेको थियो ।

६.४ शेयरधनीहरुको उपस्थिती (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :
हाल वित्तीय संस्थाको कायम कुल चुक्ता पूँजी रु. २८,२१,६९,४४०।- को रु. १०० अंकित दरका २८२१६९४ कित्ता शेयर मध्ये देहाय बमोजिमको प्रतिनिधित्व गर्ने शेयरधनीहरु :

१. उपस्थिती संख्याः
   (क) शेयरधनी स्वयं उपस्थित : ६७ जना
   (ख) शेयरधनी प्रतिनिधी (प्रोक्सी) : ३० जना

२. शेयरधनीहरुको उपस्थिती प्रतिशतः
   (क) शेयर प्रतिनिधित्व संख्याः १५९६९३८ कित्ता शेयर (स्वयं प्रतिनिधित्व- १०११४९१ कित्ता र प्रोक्सी प्रतिनिधित्व - ५८५४४७)
   (ख) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ५६.६० प्रतिशत

| जम्मा चुक्ता भएको शेयर कित्ता | चुक्ता भएको शेयरधनी संख्या | शेयरको किसिम | उपस्थिती | | | | जम्मा शेयर कित्ताको प्रतिनिधीत्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | स्वयं उपस्थितभई प्रतिनिधीत्व गरेको शेयर कित्ता | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधी ( प्रोक्सी) मार्फत प्रतिनिधीत्व गरेको शेयर कित्ता | प्रतिनिधी ( प्रोक्सी) मार्फत उपस्थित शेयरधनी संख्या | |
| २२६६४८७.४० | १५४ | संस्थापक शेयर | १००६६१५ | ४५ | ५८४४०९ | २४ | ५६.३९% |
| ५५५२०७ | ९४०३ | सर्वसाधारण शेयर | ४८७६ | २२ | १०३८ | ६ | ०.२१% |
| २८२१६९४.४० | ९५५७ | कुल जम्मा | १०११४९१ | ६७ | ५८५४४७ | ३० | ५६.६०% |

   (ग) मिति २०७९ साल चैत्र २९ गते बुधबार सम्ममा सभामा सहभागी हुन पाउने संस्थापक शेयरधनी- १५४ जना र सर्वसाधारण शेयरधनी ९४०३ जना गरी कुल शेयरधनी संख्या ९५५७ जना मध्ये उपस्थित सबै शेयरधनी महानुभावहरु सभामा सहभागि भई मतदान गर्न योग्य थिए ।

७. सभाको वैधानिकता र गणपुरक संख्या :
वार्षिक साधारण सभा हुनु अघि संस्थाको कम्पनी सचिबले उपस्थित शेयरधनीहरुलाई संस्थाको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सुचना दिईएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा यस वित्तीय संस्थाको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशत भन्दा बढी अर्थात ५६.६० प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागी आवश्यक गणपुरक संख्या पुगेकोले सभा सञ्चालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालन गर्न बैधानीक रहेको व्यहोरा सभालाई जानकारी दिनुभयो ।
तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको सभाले सभा सञ्चालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय-सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही अगाडी बढाउन सहमति दियो ।

८. सभाको सभापतित्व :

सभाको वैधानिकता पूरा भएपछि कम्पनी ऐन, २०६३ को दफा ७४ र वित्तीय संस्थाको नियमावलीको नियम १९ अनुसार वित्तीय संस्थाका सञ्चालक समिति अध्यक्ष श्री प्रभु नारायण चौधरी ज्यूलाई वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व ग्रहण गर्नु भयो ।

९. सभाको समउद्घाटन र सभा सञ्चालन :

वित्तीय संस्था सञ्चालक समितिका अध्यक्षले वित्तीय संस्थाको नियमित तर्फ १० औं र साविकको नव किरण लघुवित्त वित्तीय संस्था लिमिटेड संग गाभ्ने/गाभिने (मर्जर) पश्चातको तेश्रो वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरेपछि कम्पनी सचिवको अनुरोध अनुसार संस्थाका अध्यक्ष तथा कार्यक्रमका सभापति श्री प्रभु नारायण चौधरीज्यूले पानसमा बत्ती बालेर सभाको समउद्घाटन गर्नु भयो । सभाको उद्घाटन पछि सभापतिज्यूको निर्देशनानुसार कम्पनी सचिवले सभा सञ्चालन गर्नु भयो ।

१०. स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री गंगाधर पाण्डेले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत गर्नु भयो ।

११. सञ्चालक समितिको प्रतिवेदन प्रस्तुती :

आज बसेको संस्थाको १० औं वार्षिक साधारणसभाको अध्यक्षता गर्नुहुने यस वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री प्रभु नारायण चौधरीज्यूले सर्वप्रथम सभामा उपस्थित हुनुभएका सञ्चालक तथा शेयरधनी ज्यूहरुको परिचय गराउदै सबैलाई स्वागत गर्नु भयो साथै वार्षिक साधारणसभामा अध्यक्षज्यूले आ.व. २०७८/०७९ मा गरिएका क्रियाकलापहरु तथा वित्तीय विवरण सहितको संचालक समितिको तर्फबाट तयार पारिएको प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो र उपस्थित शेयरधनीज्यूहरुले सो उपर वा अन्य विविध पक्षका वारेमा आ-आफ्नो प्रतिकृया, राय/विचार, जिज्ञासा र सल्लाह सुझावका लागी अनुरोध गर्नुभयो ।

१२. छलफलमा देहायका शेयरधनीज्यूहरुले आफ्नो राय/विचार, जिज्ञाशा, सल्लाह, सुझाव तथा मन्तव्य व्यक्त गर्नुभयो ।

१. श्री श्याम कान्त चौधरी - संस्थापक शेयरधनी
२. श्री गिता कोईराला - संस्थापक शेयरधनी
३. श्री सुनिता कुमारी चौधरी - संस्थापक शेयरधनी
४. श्री ललित नारायण यादव - संस्थापक शेयरधनी
५. श्री रोशन कुमार मंडर - संस्थापक शेयरधनी
६. श्री श्याम कान्त चौधरी - संस्थापक शेयरधनी

१३. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू मार्फत प्रस्तुत गरिएको प्रतिवेदनमा शेयर धनीहरुको तर्फबाट व्यक्त गर्नुभएको जिज्ञासा, मन्तव्य र सुझावहरुको लागी शेयरधनीहरु श्री श्याम कान्त चौधरी, श्री गिता कोईराला, श्री सुनिता कुमारी चौधरी, श्री ललित नारायण यादव, श्री रोशन कुमार मंडर, श्री श्याम कान्त चौधरीलाई अध्यक्षज्यूले धन्यवाद दिदै शेयरधनीहरुको व्यक्त विचार प्रति वित्तीय संस्थाको धारण राखीदिन प्रमुख कार्यकारी अधिकृत श्री गंगाधर पाण्डेलाई अनुरोध गर्नु भयो ।

प्रमुख कार्यकारी अधिकृत श्री गंगाधर पाण्डेले शेयरधनीहरुको सुझाव तथा जिज्ञासाको लागी धन्यवाद दिदै उपयुक्त सुझावहरुलाई यथासम्भव कार्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त गर्नु भयो । साथै तपसिलका विषयहरुमा प्रमुख कार्यकारी अधिकृतले जिज्ञासाको चित्तबुझ्दो प्रत्युतर दिनु भयो ।

क) वित्तीय विवरण तथा वार्षिक प्रतिवेदन सम्बन्धमा ।
ख) गत वर्षको तुल्नामा मुनाफा घटनुको कारण सम्बन्धमा ।
घ) बोनश संशोधन सम्बन्धमा ।
ङ) साधारण सभा गर्न ढिलो हुनुको कारण सम्बन्धमा ।
च) कर्जाको गुणस्तर घटनु र जोखिम दर वृद्धि सम्बन्धमा ।
छ) मर्जर सम्बन्धमा ।

प्रमुख कार्यकारी अधिकृतले साधारण सभामा वर्तमान समयमा लघुवित्तमा देखिएका समस्या र चुनौंतीहरुको बारेमा सञ्चालक समिति तथा व्यवस्थापन समूह जानकार रहेको जानकारी गराउदै यस्ता समस्या तथा चुनौतीहरुसंग जुध्न र संस्थालाई बचाएर अगाडी बढाउन आवश्यक छलफल तथा नीतिगत काम कारवाहीहरु भै रहेको समेत स्पष्ट पार्नु भएको थियो ।

शेयर धनीहरुको तर्फबाट व्यक्त गर्नुभएको जिज्ञासा, मन्तव्य र सुझावहरुको सम्बन्धमा अध्यक्षज्यूले समेत उपरोक्त विषयहरुमा थप स्पष्ट पार्नु भएको थियो र तत्पश्चात छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनु भएको थियो ।

१४. सभाको निर्णयहरु :

१४ (क) साधारण प्रस्ताव तर्फको निर्णयहरु :

निर्णय नं. क (१) : सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनी सभापति महोद्यबाट प्रस्तुत हुदा उक्त प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. क (२) : लेखापरीक्षकको प्रतिवेदन सहित महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.ब. २०७८/०७९ अषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गरियोस भनी सभापति महोदयबाट प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. क (३) : कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/०८० को लागी लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमीक तोक्ने सम्बन्धको प्रस्तावमा लेखापरीक्षण समितिको मिति २०८०/०१/०४ गतेको ३९ औं बैंठकले आ.ब. २०७९/०८० को बैधानीक लेखापरीक्षण गर्नको लागी प्राप्त ३ वटा आशय पत्र मध्ये पि.एल.आर.जि. एसोसियट्स चार्टर्ड एकाउन्टेन्टस, पुतलिसडक, काठमाण्डौंको शुल्क अन्यको तुल्नामा उत्कृष्ट रहेको र लेखापरीक्षण समितिले साधारण सभामा लेखापरीक्षकको सिफारिस गरे बमोजिम आ.ब. २०७९/०८० को बैंधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्फर्म लेखापरीक्षण र कम्पनी ऐन, २०६३ को दफा ७८ तथा सूचिकृत संगठिक संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७४ बमोजिमको प्रतिवेदन प्रमाणिकरण समेत गर्नको लागी लेखापरीक्षक श्री पि.एल.आर.जि. एसोसियट्स चार्टर्ड एकाउन्टेन्टस, पुतलिसडक, काठमाण्डौंलाई रु. २,५०,०००।- ( अक्षरेपी रु. दुई लाख पचाँस हजार मात्र) मु.अ.कर र अन्य खर्चहरु (यातायात, खाना, खाजा र बास खर्च) सहित पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव पारित गरियोस भनि सभापतिज्यूबाट प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

निर्णय नं. क (४) : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनको लागि २०७९ अषाढ मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. २८,२१,६९,४४०।- को ०.७५ प्रतिशतले हुने रु. २१,१६,२७०।८० (एक्काईस लाख सोह्र हजार दुई सय सतरी रुपैया अस्सी पैसा मात्र) नगद लाभांश वितरण गर्ने सम्वन्धी प्रस्ताव पारित गरियोस भनि सभापतिज्यूबाट प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

१४ (ख) विशेष प्रस्ताव तर्फको निर्णयहरु :

निर्णय नं. ख (१) : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ अषाढ मसान्तमा कायम रहेको कुल चुक्ता पूँजी रु. २८,२१,६९,४४०।- को १४.२५ प्रतिशतले हुन आउँने रकम बराबरको रु. ४,०२,०९,१४५।२० (अक्षरेपी चर करोड दुई लाख नौं हजार एक सय पैतालिस रुपैया विस पैसा मात्र) बोनश शेयर हाल कायम रहेको शेयरधनीलाई वितरण गर्न स्वीकृती प्रदान गर्ने तथा बोनश शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गरि प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने भनि सभापतिज्यूबाट प्रस्तुत हुँदा उक्त विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

निर्णय नं. ख (२) : प्रिमियममा एफ.पि.ओ.निष्काशन गर्ने विशेष प्रस्ताव सम्बन्धमा यस वित्तीय संस्थाको मर्जर पश्चात पूँजी अनुपात नमिलेको हुँदा हालको जारी पूँजी ३२,३७,८४,२००। र चुक्ता पूँजी २८,२१,६९,४४०।- रहेकोमा १४.२५ प्रतिशत बोनस पश्चात चुक्ता पूँजी ३२,२३,७८,५८५ पुग्ने र हाल एफ.पि.ओ. नगर्दाको अवस्थामा संस्थापक र सर्वसाधारणको शेयर अनुपात क्रमश ८०.३२, १९.६८ प्रतिशत मात्र रहेकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर अनुपात क्रमश ७०, ३० हुनु पर्ने भएकोले सो अनुपात मिलाउन फरक रकम रु. ४,७५,४४,८००।- को ४,७५,४४८ कित्ता शेयर बराबर सर्वसाधारणमा

नियमानुसार प्रिमियममा एफ.पि.ओ. निष्काशन गर्ने र सो सम्बन्धी सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतीबाट निर्णय पारित गरियो ।

निर्णय नं. ख (३) उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृती लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन परिवर्तन गर्न निर्देशन भएमा वा भाषिक फेरवदल गर्नु पर्ने भएमा सो समेत संलग्न गरि संशोधन एवं परिवर्तन लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस भनि सभापतिज्यूबाट प्रस्तुत हुँदा उक्त विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।
संशोधन सम्बन्धी तिन महले विवरण :

यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा १३ बमोजिमको अधिकार प्रयोग गरी प्रबन्धपत्र, २०६९ को संशोधन सम्बन्धी तीन महले विवरण २०७८

| क्र. सं. | दफा | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १ | ६ (ख) | (ख) वित्तीय संस्थाको जारी पूँजी रु. ३२,३७,८४,२००।- (बतीस करोड सैतिस लाख चौरासी हजार दुई सय) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१०० दरका ३२,३७,८४२ (बतीस लाख सैतिस हजार आठ सय बयालीस) थान साधारण शेयरमा बिभाजन गरीएको छ । | (ख) वित्तीय संस्थाको जारी पूँजी रु. ३६,९९,२३,५००।- (छतीस करोड उन्नसय लाख तेईस हजार पाँच सय) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१०० दरका ३६,९९,२३५ (छतीस लाख उन्नसय हजार दुई सय पैतिस) थान साधारण शेयरमा बिभाजन गरीएको छ । | १४.२५% बोनश शेयर र एफ. पि.ओ. पश्चात जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले |
| २ | ६ (ग) | (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३२,३७,८४,२००।- (बतीस करोड सैतिस लाख चौरासी हजार दुई सय) हुनेछ । | (ग) वित्तीय संस्थाको जारी पूँजी रु. ३६,९९,२३,५००।- (छतीस करोड उन्नसय लाख तेईस हजार पाँच सय) हुनेछ । | |

निर्णय नं. ख (४) संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने(मर्जर) तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, सम्झदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वहरुको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी दिने सम्बन्धमाको विशेष प्रस्ताव पारित गरियोस भनी सभापतिज्यूले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएको उक्त विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

(ग) विविध : विविध बिषयमा कुनै प्रस्ताव नभएको सभापतिज्यूले जानकारी गराउनु भयो ।

१५. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु सर्वसम्मत पारित भए पश्चात सभापतिज्यूले संस्थाको ८औं वार्षिक साधारणसभामा शेयरसदस्य स्वयं एवं प्रतिनिधीपत्र मार्फत सहभागी हुनु भई सभा सूचारु रुपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नु भएकोमा उपस्थित सबै शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो ३.०७ मा सभापतिज्यूबाट १० औं वार्षिक साधारण सभा वैधानिक रुपमा समाप्त भएको घोषणा गर्नु भयो ।

..............................
सरोज कुमार सिंह
कम्पनी सचिव

..............................
प्रभु नारायण चौधरी
अध्यक्ष

सभा सम्पन्न मिति : २०८० बैशाख ०९ गते शनिबार तदअनुसार अप्रिल २२, २०२३ ।